# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन २३ गते २०१८ साल


### नेपाल लोकसेवा आयोगको सूचना नं.

श्री ५ को सरकारका निम्नलिखित गोस्वारा तथा पाठशालाहरूलाई निम्नलिखित पदहरू चाहिएकाछन् । सम्बन्धित गौंडा गोस्वाराहरूमा यस आयोगको पत्र पुगेको दिन मिति जनाई सो मितिले उम्मेदवारहरूलाई दरखास्त दिन कमसेकम १।। महीनाको अवधि दिई जिल्लाभर बिस्तृतरूपले सार्वजनिक विज्ञापन गर्न सम्बन्धित गौंडा गोस्वाराहरूलाई लेखी गैसकेकोले इच्छुक योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त दस्तूरसहित सम्बन्धित गौंडा गोस्वाराका विज्ञापन बमोजिम तोकिएको मितिसम्ममा दरखास्त पठाउनु वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्रहरूको नक्कल, मार्कशीटको नक्कल, नागरिकताको प्रमाणपत्र र उमेर खुलेको प्रमाणपत्रसमेत सबै सामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथै लिई उपस्थित हुनु पर्छ । प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको कार्यक्रम सम्बन्धित गौंडा गोस्वाराहरूबाट प्रकाशित हुने छ ।

साधारणतया: उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दरखास्त दस्तूर नभएको तथा म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार



५८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिने छैन । बहालवाला कर्मचारीहरूले दरखास्त दस्तूरसहित आफ्नो विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश हुनुपर्छ । दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी गौंडा तथा गोस्वाराहरूमा पनि पाइनेछ । एक फारामको निमित्त ने. रू. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने खर्च पनि साथै पठाउनु पर्छ ।

## सूचना नं ५७

१. पद र स्थानः श्री ५ को सरकार, पश्चिम ३ नं. गोस्वारालाई एक जना ड्राइभर, नन्गजेटेड् तृतीय श्रेणी प्राविधिक, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः मोटर हांक्ने लाइसेन्स प्राप्त ।
३. वांछनीय योग्यताः विभिन्न किसिमको मोटर हांक्ने तथा मेकानिकको कामसमेत जानेकालाई विशेष ग्राह्यता दिइनेछ ।
४. कामः जीप हांक्ने ।
५. मासिक तलबको स्केलः तलब ने. रू. ८०। देखि १५०। सम्म ।
६. दरखास्त दस्तूरः नगद ने. रू. १। एक रुपैयां ।
७. उमेरः उम्मेदवारहरूको उमेर १६ बर्ष पूरा भएको हुनुपर्छ ।
८. सम्बन्धित गोस्वाराः श्री ५ को सरकार, पश्चिम ३ नं. गोस्वारा ।
९. सम्बन्धित गोस्वारालाई लेखी गएको मितिः २०१८।६।३

## सूचना नं. ५८

१. पद र स्थानः पश्चिम ४ नं. विरेपाटी पाठशालालाई एक जना प्रारम्भिक पण्डित, नन्गजेटेड चतुर्थ श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः संस्कृत प्रथम उत्तीर्ण।
३. वाञ्छनीय योग्यताः प्रारम्भिक शिक्षण तालीम प्राप्त र संस्कृत मध्यमसम्म पढेकालाई विशेष ग्राह्यता दिइनेछ ।
४. कामः छात्र छात्राहरूलाई पढाउने ।
५. मासिक तलबको स्केलः तलब ने.रु. ६०। देखि १०५। सम्म ।
६. दरखास्त दस्तूरः नगद ने.रु. १। एक रुपैयां ।
७. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा हुनुपर्छ ।
८. सम्बन्धित गोस्वाराः श्री ५ को सरकार पश्चिम ४ नं. गोस्वारा ।
९. सम्बन्धित गोस्वारालाई लेखी गएको मितिः २०१८।६।३ मा ।

७८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना नं, ५९

१. पद र स्थानः पश्चिम ४ नं. सतौं ज्ञादी ठूलो पोखरी प्रारम्भिक पाठशालालाई एकजना प्रारम्भिक पण्डित, नन् गजेटेड् चतुर्थ श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः संस्कृत प्रथमा उत्तीर्ण।
३. वाञ्छनीय योग्यताः प्रारम्भिक शिक्षा तालीम प्राप्त गरेकालाई विशेष ग्राह्यता दिइनेछ।
४. कामः छात्र छात्राहरूलाई पढाउने।
५. मासिक तलबको स्केलः तलब ने.रु. ६०। देखि १०५। सम्म।
६. दरखास्त दस्तूरः नगद ने.रु. १ एक रुपैयाँ।
७. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा हुनुपर्छ।
८. सम्बन्धित गोस्वाराः श्री ५ को सरकार, पश्चिम ४ नं. गोस्वारा।
९. सम्बन्धित गोस्वारालाई लेखी गएको मितिः २०१८।६।३।३ मा।

## सूचना नं. ६०

१. पद र स्थानः गुल्मी अर्घाडी भर्ना प्राथमिक पाठशालालाई दुई जना पण्डित, नन् गजेटेड तृतीय श्रेणी (प्राविधिक), स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः पूर्व मध्यम उत्तीर्ण।
३. वाञ्छनीय योग्यताः प्रारम्भिक शिक्षण तालीम प्राप्त गरेकालाई विशेष ग्राहयता दिइनेछ।
४. कामः छात्र छात्राहरूलाई पढाउने।
५. मासिक तलबस्केलको : तलब ने. रू. ८०। देखि १५०।सम्म।
६. दरखास्त दस्तूः नगद ने. रु. १। एक रुपैयाँ।
७. उमेरः उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।
८. सम्बन्धित गौंडा श्री ५ को सरकार, गुल्मी गौंडा।
९. सम्बन्धित गौंडालाई लेखी गएको मितिः २०१८।६।३।३ मा

आज्ञाले-
विनोदप्रसाद धिताल
सचिव,
लोकसेवा आयोग

गोरखापत्र छापाखानामा मुद्रित

५८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।